# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आषाढ १ गते ०१० साल

## भाग १

### राज्य-व्यवस्थामन्त्रालयको सूचना

२०१० साल आषाढ २ गते माननीय प्रधानमन्त्री श्रीमातृकाप्रसाद कोइरालाको प्रधानमन्त्रित्वमा गठित मन्त्रिमण्डलको विभाग–विभाजन, अर्को निर्णय नभएसम्मलाई, देहायबमोजिम गर्ने श्री ५ महाराजाधिराजको स्वीकृति र माननीय प्रधानमन्त्रीज्यूको आदेशबमोजिम सचिवालय र तत्सम्बन्धी मातहत अड्डाखानाहरूलाई र सबैलाई थाहा होस् भन्नानिमित्त यो सूचना प्रकाशित गरिएको छ। देहायमा लेखिएका विभाग विभागहरूले देहायमा लेखिएका श्री माननीय प्रधानमन्त्रीज्यू र मन्त्रीज्यूहरूमा अड्डाको कामकाजसमेत पेश गर्नु-पर्नेजति पेश गरी निकाशा भएबमोजिम गर्नु गराउनुहोला।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्रीमाननीय प्रधानमन्त्री
मातृकाप्रसाद कोइराला —परराष्ट्र, राज्यव्यवस्था, गृह, अर्थ, उद्योगवाणिज्य, सिभिल सप्लाइज र खाद्यविभाग.

श्रीमाननीय मन्त्री नारद-
मुनी थुलुङ- —रक्षा, मालपोत र वन, योजना विकाश, कानून र संसदीय प्रबन्धविभाग.

श्रीमाननीय मन्त्री त्रिपुरवर-
सिंह- —स्वास्थ्य, स्वायत्त शासन, शिक्षा, पब्लिक वर्क्स तथा संचारविभाग.

आज्ञाले,
माणिकलाल,
का. मु. सेक्रेटरी,—राज्यव्यवस्थामन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।